Regd. No. 981/066-67 Ktm.
NATIONAL CAMPAIGN FOR EDUCATION - NEPAL
(NCE-Nepal)
Babarmahal, Kathmandu
Phone : 6203009

Ref. No.

# अन्तर्राष्ट्रिय बालबालिका दिवस र नेपालमा बालबालिकाको निम्ति सिकाइ व्यवस्थाबारे एनसिई नेपालको अपिल

सर्वप्रथम आज नोभेम्बर २० का दिन अन्तर्राष्ट्रिय बालबालिका दिवसको पावन अवसरमा सम्पूर्ण बालबालिका, अभिभावक एवं सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । बालअधिकारको सम्मान गर्दै सबै बालबालिकाको शिक्षा तथा सिकाइ, स्वस्थ, सुरक्षित आवास तथा सुरक्षाको अधिकार सम्मान, संबर्द्धन र परिपूर्ति गर्नु हामी सबैको कर्तव्य हो । पछिल्लो समय कोभिड संकटका कारण बालबालिका थप जोखिममा परेको तथ्यलाई हृदयंगम् गर्दै यी चुनौतीहरुलाई सामना गर्न थप दृढता र अठोटसहितको कर्म आवश्यक बनेको छ । हामी बालबालिकाको शिक्षाअधिकारलाई केन्द्रमा राखी पैरवी गर्ने ४०९ वटा नागरिक संस्थाहरुको सञ्जालको रुपमा क्रियाशिल रहँदै आजको सिकाइ संकटमा आवाजहरु उठाइरहेका छौं । यसैबीच हालै नेपाल सरकारले कोभिड महामारीका कारणले करिव ८ महिनादेखि बन्द रहेका विद्यालय तथा शैक्षिक संस्थाहरु सुरक्षाका मापदण्ड अपनाई सञ्चालन गर्न सक्नेगरी विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७ जारी गरेको अवस्था छ । यसबाट सबै बालबालिकाले शिक्षा पाउने अधिकार सुनिश्चित गर्न योगदान पुग्ने ठहर गर्दै यस कार्यका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयप्रति यस अभियानका तर्फबाट धन्यवाद व्यक्त गर्दछौं । तर, यस कार्यढाँचा पनि विगतका निर्देशिकाहरुको कार्यान्वययनमा देखिएको फितलोपन नदोहोरियोस् भन्नेमा सजग गराउँछौं । आवश्यक नियमन, अनुगमन तथा सुपरीवेक्षण गर्न स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति र शिक्षासम्बद्ध सबै सरोकारवालाहरु जवाफदेही रहनुपर्ने यस अभियानको ठहर छ ।

खासगरी, विद्यालयमा तत्काल आउन नसक्ने, अरु चुनौती तथा जोखिमका कारण स्कूलबाहिर रहनसक्ने र विशेषगरी बालिका एवं अपाङ्गता भएका बालबालिकाका लागि उपयुक्त सिकाइ योजना ल्याई उनीहरुको शिक्षा तथा सिकाइको अधिकारमा कुनै प्रकारको विभेद हुन नदिने सुनिश्चितता गर्न एनसिई नेपाल स्थानीय, प्रदेश र संघीय सरकारसमक्ष जोडदार माग गर्दछ ।

निजी लगानीका विद्यालयहरुमा सरकारको अनुगमन कमजोर रहने गरेको यथार्थ विभिन्न अध्ययन तथा तथ्यहरुले प्रमाणित गरेका छन् । तसर्थ, निजी विद्यालयहरुमा समेत विद्यालय पुनः सञ्चालन मापदण्ड पूर्ण रुपमा लागू भएको, सञ्चालनपूर्व निर्मलीकरण गर्ने गरिएको र स्कूलमा अध्ययन गर्ने बालबालिकाको सुरक्षामा ध्यान पुगे/नपुगेको सुनिश्चित गर्न सम्बन्धित स्थानीय सरकारको अगुवाईमा अभिभावक तथा नागरिक समाजसहितको अनुगमन संयन्त्र बनाउन यस अभियान माग गर्दछ । साथै, निजी लगानीका विद्यालयहरुले बालबालिकाको समतामूलक र समावेशी रुपमा शिक्षा पाउने अधिकार सुनिश्चित गरेको सुनिश्चित गर्नसमेत एनसिई नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

विद्यालय बन्दका कारणले धेरै बालबालिकाले विद्यालय छोड्ने दर बढ्ने, मानसिक तनाबमा रहने जस्ता आँकलनहरु विभिन्न अध्ययनहरुले देखाएका छन् । तसर्थ, विद्यालयमा पुनः फर्कने अवस्था न्यून रहेका समुदायका बालबालिकाहरुलाई अन्य सहयोगमूलक कार्यक्रमहरु सञ्चालनको प्रबन्ध गर्ने कार्यमा हातेमालो गर्न यस अभियान विभिन्न तहका सरकार, विकास साझेदार, शिक्षक, अभिभावक तथा नागरिक समाजसँग आग्रह गर्दछ। बालबालिकासँगै यस महामारीले अभिभावक तथा शिक्षक समुदायमा समेत विभिन्न मनोसामाजिक असर पारेको हुनाले अभिभावक शिक्षाका कार्यक्रम र शिक्षकहरुका निमित्त उपयुक्त मनोसामाजिक परामर्श, तालिम तथा अभिमुखीकरणका कार्यक्रमहरु स्थानीय परिवेश तथा आवश्यकताका आधारमा पहिचान गरी गर्न/गराउन यस अभियान स्थानीय सरकारसमक्ष हार्दिक अनुरोध गर्दछ ।

धन्यवाद

**डिल्लीराम सुवेदी**
**अध्यक्ष, एनसिई नेपाल**
**५ मंसिर, २०७७**